# कानेपोखरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### बयरवन, मोरङ

१ नं. प्रदेश, नेपाल


पत्र संख्या : २०७४/०७५ मिति: २०७४/१२/०३

चलानी नम्बर :

**विषय: ट्र्याक्टर भाडा लिने सम्बन्धी सूचना !**

प्रथम पटक प्रकाशित मिति:२०७४/१२/०३

कानेपोखरी गाउँपालिकाको चालु आ.व.२०७४/०७५ को असार मसान्त सम्मका लागि यस गाँउपालिकाको रमाईलो बजार, मंगलवारे वजारमा प्रत्येक हप्ताको बुधबार १ पटक र बयरवन बजारमा प्रत्येक हप्ताको बिहिबार १ पटक फोहोर उठाउनु पर्ने भएकाले उक्त कामका लागि १ थान ट्र्याक्टर भाडामा लिनु पर्ने भएकेले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा तपसिल बमोजिमको शर्त र अधिनमा रही गोप्य शिलबन्दी प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ /

तपसिल:

१. ट्र्याक्टर को ब्लुबुक चालु आ.व.को नविकरण सहितको प्रतिलिपि -१
२. ट्र्याक्टर धनीको नागरिकताको प्रतिलिपि-१
३. ट्र्याक्टर चालकको लाईसेन्सको प्रतिलिपि-१
४. सवारी बिमा सम्बन्धी कागजातको प्रतिलिपि-१
५. कबोल रकम अङ्क र अक्षरमा स्पष्ट खुल्ने गरी केरमेट नगरिकन लेख्नु पर्ने छ /
६. ट्र्याक्टर भाडा दर: प्रति दिन के कतिमा दिने हो स्पष्ट खुलाउनु पर्ने छ /
७. ईन्धन आफैले व्यवस्था गर्नु पर्ने छ /
८. सवारी साधनको मर्मत सवारी धनी आफैले गर्नु पर्ने छ /
९. यस सम्बन्धी कुनै कुरा बुझ्नु पर्ने भएमा यस कार्यालयको प्रशसन शाखामा बुझ्न सकिने छ ।
१०. ट्र्याक्टरमा फोहोर लोड तथा अनलोड गर्ने श्रमिक समेत ट्र्याक्टर धनिले व्यवस्था गर्नुपर्ने छ ।

नारायण ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत